## बैठक संख्या-५७

आज मिति २०८२/०८/२३ गते काहेँखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

| | | |
|---|---|---|
| १. श्री राजु थापा | -अध्यक्ष | |
| २. श्री तेज बहादुर थापा | -उपाध्यक्ष | |
| ३. श्री खड्क बहादुर थापा | -वडा अध्यक्ष वडा नं. | १ |
| ४. श्री विद्यापति शर्मा | - ,, | २ |
| ५. श्री फुल बहादुर वि.क. | - ,, | ३ |
| ६. श्री लक्ष्मण पुन | - ,, | ४ |
| ७. श्री श्यामनाथ कँडेल | - ,, | ५ |
| ८. श्री वृहस्पति शर्मा | - ,, | ६ |
| ९. श्री प्रेम बहादुर गिरी | - ,, | ७ |
| १०. श्री प्रमानन्द कँडेल | - ,, | ८ |
| ११. श्री टिका संगम वि.क | - कार्यपालिका सदस्य | |
| १२. श्री भूमा देवी पुन | - ,, | |
| १३. श्री सुनली वि.क. | - ,, | |
| १४. श्री पूर्णमाया सुनार | - ,, | |
| १५. श्री गिता देवी वि.क | - ,, | |
| १६. श्री देवी थापा मगर | - ,, | |
| १७. श्री उत्तम पौडेल | - नि. प्र. प्र. अ. | |

अन्य उपस्थिति:

१. श्री मनोज कार्की - प्रशासन शाखा

निर्णयहरु :-

१. मिति २०८१/१२/३१ गते बसेको गाउँ कार्यपालिकाको निर्णय नं. २ (ख) अनुसार एकपाटा वौर सडक स्तरोन्नतिको लागि म्याद समाप्त भएको मितिदेखि लागु हुनेगरि २०८२ जेठ मसान्तसम्म म्याद थप गरिएकोमा जोशी-निशान-आचार्य (जेभी) ले म्याद समाप्त भएको मितिले ५ महिना अर्थात २०८२ कार्तिक मसान्तसम्म म्याद थप गरि पाउँ भनि निवेदन दिएकोले मिति २०८२/०२/१९ गते बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ४ (ख) अनुसार माग बमोजिम २०८२ कार्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय भएकोमा मिति २०८२/०१/१५ गते प्रकाशित सार्वजनिक खरिद (१४औं संशोधन) नियमावली, २०८२ को नियम १२०क. मा खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यबस्था गरेकोले सो **सार्वजनिक खरिद (१४औं संशोधन) नियमावली, २०८२ को नियम १२०क.** अनुसार जोशी-निशान-आचार्य (जेभी) ले मिति २०८२/०८/२२ गते कार्ययोजना सहित २०८२ चैत्र सम्म म्याद थपका लागि निवेदन दिएकोले सार्वजनिक खरिद (१४औं संशोधन) नियमावली, २०८२ अनुसार जोशी-निशान-आचार्य (जेभी) को माग बमोजिम म्याद समाप्त भएको दिनदेखि २०८२ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराको मिति २०८२/०८/०९ गतेको **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना** अनुसार चालु आ.व. २०८२/०८३ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि यस पालिकावाट **"कार्यालय डिजिटलाइजेशन मुख्यमन्त्री नवप्रवर्तन साझेदारी परियोजना"** का लागि तयार भएको कुल लागत रु १,००,००,०००।– अक्षरुपी एक करोड रुपैयाको प्रस्ताव कार्यपालिका वैठकवाट स्वीकृत गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरामा पेश गर्ने र प्रस्ताव स्वीकृत भएको खण्डमा साझेदारी वापतको ३० प्रतिशत रकम काठेखोला गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालयवाट व्यबस्थापन गर्ने निर्णय गरियो ।

३. काठेखोला गाउँपालिका वडा नं. ७ स्थित रेश आधारभूत अस्पतालको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएकोले अस्पतालबाट सेवा सुचारु गर्ने निर्णय गरियो ।

४. काठेखोला गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री वृहस्पति शर्माको पुजयनिय माता लिलावती कँडेलको ९७ बर्षको उमेरमा मिति २०८२/०८/२२ गते दुखद निधन भएको हुँदा मृतकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।